आज मिति २०८१।०५।१६ गते यस कपुरकोट गाउँ कार्यपालिकाको ११६ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा पालिकाको बैठक कक्षमा बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिति:

| क.सं. | पदाधिकारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | सदस्य | |
| ३ | श्री बालाराम खड्का | सदस्य | |
| ४ | श्री ईश्वर बुढा | सदस्य | |
| ५ | श्री प्रदिप खड्का | सदस्य | |
| ६ | श्री मित्रलाल कठायत | सदस्य | |
| ७ | श्री होम बहादुर खड्का | सदस्य | |
| ८ | श्री श्यामकृष्ण बोहरा | सदस्य | |
| ९ | श्री राधिका यरी | सदस्य | |
| १० | श्री अनिता पुन | सदस्य | |
| ११ | श्री तिला बुढाथोकी रोका | सदस्य | |
| १२ | श्री विमल कामी | सदस्य | |
| १३ | श्री रेवती सुनार | सदस्य | रेवती |
| १४ | श्री तिला कुमारी कामी | सदस्य | तिला |
| १५ | श्री भरत कुमार वली | सचिव | |

आमन्त्रित:

श्री खगेन्द्र बहादुर शाही - प्रशासन अधिकृत
श्री विष्णु प्रसाद आचार्य - लेखा प्रमुख

श्री तारादिव सेन - का स

**कपुरकोट गाउँपालिकाको मिति २०८[illegible]।०५।१६ गतेको ११६ औं गाउँकार्यपालिका बैठकका कार्यसुचिहरुः**

१. परामर्श सेवा केन्द्र कृषी ल्याब र सफ्टवयर उद्घाटन सम्वन्धमा ।

२. वडा नं १ र ४ को वडा कार्यालय उद्घाटन सम्वन्धमा ।

३. सर्वदलिय सर्वपक्षीय बैठक आहान सम्वन्धमा ।

- राप्ती राजमार्ग र कपुरकोट कोइला सडकको सुधारको लागी पहल
- विद्यालयको शैक्षिक सुधार ।
- एकीकृत तरकारी बजार संचालन र व्यवस्थापन ।
- ५ शैया अस्पताल र स्वास्थ्य विमा संचालन सम्वन्धमा ।

४. ग्रेडिङ र प्याकेजिङ्ग सम्वन्धमा ।

५. बमौसमी तरकारी खेतीको चुनौती र सम्भावनावारे सर्वेक्षण सम्वन्धमा ।

६. सामुदायिक सुचना केन्द्र भवन प्रयोग सम्वन्धमा ।

७. विविध ।

कपुरकोट गाउँपालिकाको मिति २०८१।०५।१६ गतेको ११६ औं गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

१. कपुरकोट कृषि हाट वजार स्थलमा स्थापना गरिएको परामर्श सेवा केन्द्र, कृषी ल्याव र सफ्टवेयर को औपचारिक रुपमा उद्घाटन असोज पहिलो हप्ता भित्र गर्ने र सो कार्यक्रमका लागि प्रमुख अतिथी लगाएत अन्य अतिथीहरुको सहभागीताका लागि आवश्यक समन्वय गर्ने जिम्मा गाउँपालिकाका अध्यक्षज्यूलाई प्रदान गर्ने ।

२. कपुरकोट गाउँपालिका वडा नं. १ र वडा नं. ४ को वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न भई सकेको हुँदा उद्घाटन गर्नका लागि समयमै कार्यालय व्यवस्थापनको कार्यलाई पूर्णता दिई उपयुक्त मिति तय गर्ने जिम्मा सम्वन्धित वडा कार्यालयलाई दिने ।

३. कपुरकोट गाउँपालिकाको सार्वजनिक महत्वका विषयहरु कपुरकोट कोईला सडक सुधार एवं समझदारी कार्यान्वयन, राप्ती राजमार्ग सुधारका लागि पहल, विद्यालय शैक्षिक सुधार, एकिकृत तरकारी वजार संचालन र व्यवस्थापन, आधारभुत अस्पताल संचालन र स्वास्थ्य विमा व्यवस्थापन लगाएत विभिन्न वहु-सरोकारका विषयमा छलफल गर्ने गरि मिति २०८१ भाद्र २५ गतेका दिन सर्वपक्षीय बैठक आह्वान गर्ने र सो विषयसंग सम्वद्ध निकायका प्रमुख तथा प्रतिनिधीहरुलाई सहभागीताका लागि पत्राचार गर्ने ।

४. कपुरकोटको तरकारीलाई वाह्य वजारमा प्रतिस्पर्धि वनाउनका लागि ग्रेडिङ्ग र प्याकेजिङ्गलाई विशेष महत्वका साथ हेर्नु पर्ने भएकोले सो सम्वन्धमा कृषक तथा व्यापारीहरु विच सहजिकरण गरी अनिवार्य ग्रेडिङ् गर्न लगाउन पालिका भित्रका तिनवटै हाटबजार संचालक समितिलाई आवश्यक निर्देशन दिने ।

५.बेमौसमी तरकारी खेतीको चुनौती र सम्भावना बारे सर्वेक्षण गरी प्रतिवेदन पेश गर्न अदुवाबाली अनुसन्धान कार्यालयका प्रमुख डा. घनश्याम भण्डारीलाई पालिकाका कृषि प्राविधिकहरुलाई समेत समावेस हुनेगरि अनुसन्धान कार्यलाई अगाडी वढाउन अनुरोध गर्ने ।

हाटबजार

६. कपुरकोट गा.पा. वडा नं. ३ मा रहेको सामुदायिक सिकाई केन्द्रलाई कपुरकोटमा रहेको ~~सामुदायिक~~ केन्द्रको ~~सुचना केन्द्र~~को भवनमा स्थानान्तरण गर्ने र वडा नं ५ को सामुदायिक सिकाई केन्द्रलाई वडा नं ५ कार्यालयमा स्थानान्तरण गर्ने ।

७. मनसुन जन्य विपदका कारण क्षति हुन पुगेको वडा नं. ४ को पाथिहाल्ना धारखोला सडक खण्डको पहिरो र वडा नं. १ को गोठीबन रिठाबोट सडक खण्डको पहिरोका कारण सडक तथा वस्ती जोखिममा रहेकोले उक्त स्थानमा प्राविधिक खटाई लागत स्टीमेट तयार गर्न लगाउने र लागतको अनुमान हेरी विपद व्यवस्थापन शिर्षक वा अन्य कुनै निकायवाट काम गर्नका लागि आवश्यक पहल गर्ने साथै कपुरकोट २ खहरेमा गरिएको मोड सुधार तथा सडकस्तरोन्नती कार्यको प्राविधिक स्टिमेट बमोजिम आकस्मीक सडक मर्मत सम्भार शिर्षकबाट भुक्तानी दिने ।

८. कपुरकोट गाउँपालिकाको आ व २०८०।०८१ मा दैनिक भ्रमण भत्ता तथा सवारी साधन संचालन र मर्मतमा भएको सम्पूर्ण खर्च विवरण तयार गरि आगामी बैठकमा पेश गर्नका लागि लेखा समितिलाई जिम्मा दिने ।

निर्णय प्रमाणित

२०८१।५।१६